# पञ्चदेवल विनायक नगरपालिकाको

# नीति तथा कार्यक्रम

नगरसभाबाट पारित मितिः२०७७/०३/२०

## पञ्चदेवल विनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७७/७८

Website: www.panchadewalbinayakmun.gov.np; E-mail: info@panchadewalbinayakmun.gov.np

# पञ्चदेवल विनायक नगरपालिकाको नगरसभामा नगर उपप्रमुख श्री अम्बिका चलाउनेज्यू द्वारा प्रस्तुत आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम

**नगरसभाबाट पारित मितिः२०७७/०३/२०**

**यस गरिमामय छैठौं नगरसभाका सभाध्यक्षज्यू तथा उपस्थित सदस्यज्यूहरु,**

आजको यस पावन अवसरमा जनतालाई लोकतान्त्रिक विधि र पद्धतिद्धारा सार्वभौमसत्ता सम्पन्न बनाउने क्रमका विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात वीर सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई संघीयता कार्यान्वयनको चरणमा रहेको र स्थानीय सरकारमा हाम्रो नेतृत्वको ४ वर्ष व्यतित हुन लागेको छ । संविधानको मर्म र संघीय संरचना अनुरुप जनताको नजिकको सरकारको रुपमा हामी काम गरिरहेका छौं ।

नेपालको संविधानले स्थानीय तहको लागि एकल अधिकारहरु र पन्ध्र प्रकारका साझा अधिकारका सूची निर्धारण गरेको व्यहोरा स्मरण गराउँदछु । निर्धारित सूचीको अधिनमा रही स्थानीय तहले कानून बनाई सोको कार्यान्वयन मार्फत स्थानीयस्तरमा विकास र समृद्धिको बाटो तय गर्नु स्थानीय तहको साझा कार्यभार बनेको छ । स्थानीय तहमा अधिकार र जिम्मेवारी मात्र नभई श्रोत, साधन र जनशक्ति समेत हस्तान्तरण भई स्थानीय सरकारको कार्यक्षमता र कार्यसम्पादनको स्तर अभिवृद्धि गर्ने प्रक्रियामा रहेको एवं स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ जारी भई सोही ऐन मुताविक समय-समयमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशित कानून मार्फत् यहाँ विद्यमान रहेका समस्या र चुनौतीहरुलाई पार लगाउदै पञ्चदेवल विनायक नगरपालिकाको छैठौं नगरसभामा आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

**सभाध्यक्ष ज्यु,**

चालु आ.व. २०७६/७७ को समिक्षा गर्दा यो वर्ष हाम्रो लागी सहज बनेन् । वडा न.२ का वडाध्यक्ष स्वर्गीय पदम बहादुर धामीज्यूको २०७६ साल माघ २० गते राती भएको रहस्यमय हत्याले सिङगो नगरवासिलाई स्तब्ध बनायो । यस घटनाले हामीलाई अपूरणिय क्षति पुर्‍याएको छ । साथै यो दुःखद घटनाका कारण करिब एक महिना नगरपालिका बन्द भई कामकाज ठप्प गर्न हामी बाध्य भयौं । यो कहालीलाग्दो बर्बर आततायी घटनाले अझैं पनि नगरवासीको हृदयमा लागेको चोट निको भएको छैन । म यो गरिमामय छैठौं नगरसभाबाट स्वर्गीय पदम बहादुर धामीको आत्माको चिर-शाान्तिको कामना गर्दै घटनाका दोषिलाई हदैसम्मको कारवाहीको लागी सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

चिनको वुहान शहरबाट विश्वव्यापी हुँदै गईरहेको कोरोना भाईरस कोभिड १९ को संक्रमणले गत चैत्र ११ गतेबाट सिङगो मुलुक र अछाम जिल्लाको प्रवेशद्धारको रुपमा रहेको हाम्रो नगरपालिका पनि बन्दाबन्दी अवस्थाले अझै बढी प्रभावित बन्यो । नगरसभाको यो मञ्चमा उभिएर बोल्दै गर्दा हाम्रो अछाम जिल्लामा १७०६ जनाको स्वाब संकलन गरी चेकजाँच गर्न पठाईएकोमा ८२६ जनाको रिर्पोट आउँदा ७६ जनालाई संक्रमण पुष्टि भएको छ । हाम्रो जिल्ला भरी १२,४८८ जना क्वारेन्टिनमा राखिएको छ । यसमा ८,७४४ जनाको आर.डि.टि.परिक्षण गर्दा ८२१ जनालाई आर.डि.टि. पोजेटिभ देखिएको छ । हाम्रो नगपालिकामा आजका मिति सम्म ५९३ जना क्वारेन्टिनमा बसेका छन भने ७०० जनाको आर.डि.टि.परिक्षण गर्दा ५७ जनालाई पोजेटिभ देखिएको छ । ५७ जनाको पि.सि.आर. परीक्षण गराईएकोमा ५२ जनाको पि.सि.आर.रिर्पोट नेगेटिभ आएको छ भने ५ जनाको रिपोर्ट आउन बाँकी नै छ ।

अब, सबैभन्दा पहिले नयाँ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व चालु आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति समीक्षाका विषयहरु प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधारतर्फ**

भौतिक पूर्वाधारतर्फको समिक्षा गर्दा यो वर्ष नगरपालिकाको ९ वटै वडाहरुमा सडक सञ्जालको सहज पहुँच पुगेको छ । वडाहरुका दुर्गम स्थानहरुमा सडकको पहुँचलाई पुऱ्याउने कार्य तिव्र रुपमा अगाडि बढाईएको छ । विनायक-लयाँटी-कालेकाँडाको ११ कि.मी सडकको कालोपत्रेका लागी डि.पि.आर. तयार भएको छ । विनायक-तोली-पुल्लेतोला हुँदै कालेकाँडा जोड्ने सडक वडा नम्बर ६ तोलीको बान्नेगाँउ सम्म सञ्चालनमा आएको छ । विनायक देखि खानडाँडा हुँदै रामारोशन जाने सडक निर्माणको कार्य निरन्तर चलिरहेको छ । उक्त सडकको खानिडाँडासम्म नियमीत गाडिहरु चल्न थालेका छन । वडा नम्बर ८ बारलाको तिखापातल हुँदै बोरागाँउ-कोसेडि सम्म जोड्ने सडकको काम तिव्र गतिमा अगाडि बढेको छ । चिल्ताडा देखि राँकु हुँदै ताम्कोट जाने सडकको निर्माणकार्य अगाडी बढेको छ । खानेपानीको पहुँच सहज बनाउन नगरपालिकाका २, ३, ४, ५ र ७ नम्बर वडामा खानेपानी योजनाहरुको विस्तृत सर्वेक्षण प्रतिवेदन तयार पारिएको छ र नगरपालिकाको केन्द्रमा रहेको विनायक बजारको खानेपानीलाई व्यवस्थित गर्न खानेपानीको थप मुहान सर्भे गरी काम सञ्चालन भईरहेको छ भने सबै वडाहरुमा साना-ठुला खानेपानी योजनाहरुको निर्माण र मर्मत-कार्य भईरहेको छ । नगरपालिकाको केन्द्र रहेको विनायक बजार र आसपासका क्षेत्रहरुमा नियमित विद्युत सेवा सुचारुका लागी तालागाड लघुजलविद्युत आयोजनामा यथेष्ट लगानि गरी व्यवस्थापन गर्ने प्रयास गरीएको छ भने केन्द्रीय प्रसारण लाईन गैरिटाँडबाट जोड्ने कार्य प्रारम्भ भएको छ । वडाहरुका विभिन्न साना लघु जलविद्युतलाई व्यवस्थित गर्न कार्यसञ्चालन भईरहेको छ । नगरपालिकाको ६ नम्बर वडाको वडा कार्यालयको भवन निर्माण सम्पन्न भई आफ्नै भवनमा कार्यसञ्चालन भईरहेको छ । अन्य वडाका भवनहरुको निर्माणकार्य चलिरहेको छ । नगरकै अग्रणि शैक्षिक संस्था पञ्चदेवल क्याम्पसको भवन निर्माणको काम सम्पन्न भएको छ । विद्यामन्दिर मा.वि. विनायकको १० कोठे प्राविधिक भवनको निर्माण कार्य सम्पन्न भएको छ । नगरका अन्य विद्यालयका भवनहरुको निर्माणकार्य द्रुत गतिमा अगाडी बढिरहेको छ । केही भवनको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । लयाँटी स्वास्थ चौकि भवनको निर्माण कार्य सम्पन्न भई सेवा सुचारु भएको छ । वडा नम्बर ३ को स्वास्थ्य चौकीको भवन सम्पन्न भएको छ । नगरपालिकाका विभिन्न ठाँउमा ९ वटा स्वास्थ्य क्लिनिकका भवन निर्माण सम्पन्न भएका छन । वडा नम्बर ८ को बोहोरागाँउमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना भई बर्थिङ सेन्टरको भवन निर्माणकार्य सुरु भएको छ । नगरपालिकाको २ नम्बर वडा लगायत अन्य वडाहरुमा बालविकास केन्द्रका भवनहरु निर्माण भएका छन भने केही वडामा निर्माणाधिन छन । नगरपालिकाको प्रमुख धार्मीक पर्यटकिय स्थल साँचुल्लाको जाल्पादेवी मन्दिर र कालासिल्ला देवताकाको मष्टामाण्डौं मन्दिरको डि.पि.आर. तयार गरिएको छ । नगरपालिका भित्रका जोखिममा रहेका खोलाहरु पुल्लेतोलाको खारेखोला र लयाँटीको बाम्नेसर्पामा झोलुंगे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र यसै आर्थिक वर्षमा दुइटै पुलहरुको निर्माण कार्य सम्पन्न हुनेछ । वडा नम्बर ८ को तिखापातलमा अस्थायी प्रहरी पोष्टको भवन निर्माण कार्य सम्पन्न भएको छ ।

**सामाजिक विकासतर्फ**

**स्वास्थ्य**

नगरपालिकाका नागरिकहरुको स्वास्थ्य प्रति सम्वेदनशिल बन्दै विभिन्न क्रियाकलापहरु सञ्चालन भईरहेका छन । जस अन्तर्गत वडा नम्बर ९ को भाटगाँउमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरी सेवा सुचारु गरीएको छ । वडा नम्बर ७ पुल्लेतोलामा बर्थिङ सेन्टर सञ्चालन गर्ने प्रक्रिया सुरु गरीएको छ । महिलासँग उपप्रमुख कार्यक्रम अन्तर्गत नगरपालिकाका विपन्न एकल महिलाहरुलाई खाद्यान्न तथा पोषणका सामाग्रीहरु उपलब्ध गराईएको छ । ज्येष्ठ नागरिकहरुलाई पोषणयुक्त खानेकुरा वितरण गरिएको छ भने अपाङ्गगता भएका व्यक्तिहरुलाई खाद्यान्न र पोषणका सामाग्री उपलब्ध गराईएको छ ।

कोरोना भाईरसका कारण भोकमरिको नजिक पुगेका नगरका अति विपन्न, दिर्घरोगि तथा खाद्य संकटको सामना गरीरहेका नागरीकहरुलाई विभिन्न चरणमा राहत उपलब्ध गराईएको छ । नगरपालिका भित्रका गर्भवतीहरुलाई प्रसुति गराउनको लागी निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएका छौं । विभिन्न दुर्घटनाका कारण अफठ्यारोमा परेका नगरका नागरिकहरुलाई एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ । चालु आर्थिक वर्षमा सदिऔं देखि अन्धविश्वासको रुपमा रहेको छाउपडि जस्तो कुप्रथालाई अन्त्य गर्नका लागी नगरभित्र रहेका छाउगोठहरु भत्काईएका छन । गर्भवति महिलाको स्वास्थ्य परिक्षण गर्नको लागी ग्रामिण अल्ट्रा-साउण्ड (भिडियो एक्सरे) घुम्ति सेवा सुरु गरी नगरपालिका भित्रका गर्भवति महिलाहरुको स्वास्थ्य जोखिमबाट बचाउन महत्वपुर्ण टेवा पुगेको छ । बारलामा स्थानिय नागरिकको सुरक्षा तथा खानी सुरक्षाका लागी प्रहरी पोष्टको स्थापना गरीएको छ ।

**शिक्षातर्फ**

नेपाल सरकारको लक्ष्य अनुसार यस नगरपालिकालाई पुर्ण साक्षर नगरपालिका घोषणा गरीएको छ । नगरका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागी विभिन्न क्रियाकलापहरु सम्पन्न गरिएका छन । समुदायमा आधारित विद्यालयका लागी विभिन्न सुचकहरुका आधारमा विद्यालयहरुलाई एकमुष्ट अनुदान रकम प्रदान गरीएको छ । विद्यालयको भौतिक पूर्वाधारलाई व्यवस्थित गर्न विद्यामन्दिर नमूना विद्यालयको प्राविधिक शिक्षालयको भवन निर्माण-कार्य अन्तिम चरणमा पुगेको छ, साथै सोही विद्यालयको पूर्वाधार र संस्थागत विकासका लागी एक करोड पचास लाखको कार्यसञ्चालन प्रारम्भ भएको छ । ऋषिकुल मा.वि., मालिका मा.वि., धनवन्तरी मा.वि., सरस्वती आधारभुत विद्यालय र चेतना आधारभुत विद्यालयहरुको ४ कोठे र २ कोठे पक्की भवन निर्माण कार्य सञ्चालनमा रहेको छ । अन्य विद्यालयहरुमा भवन मर्मत, शौचालय निर्माण, घेरा-पर्खाल निर्माण, खेलकुद मैदान निर्माण, पुस्तकालय स्थापना, विज्ञान प्रयोगशाला स्थापना र आई.सी.टी.का उपकरणहरु जडान कार्य सम्पन्न गरीएको छ । विद्यालय, सामुदायिक अध्ययन केन्द्र र बालविकास केन्द्र को शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन, विद्यालयको सर्वाङ्गीण पक्षको अनुगमन कार्यलाई अगाडी बढाईएको छ । शिक्षाको वर्तमान अवस्था र रुपान्तरण विषयक विचार गोष्ठी गरी शैक्षिक रुपान्तरणका लागी महत्वपुर्ण सुझावहरु ग्रहण गर्ने काम गरीएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ**

लैङ्गिक हिंसा न्युनिकरण, जातीय विभेद, छाउपडी कुप्रथा न्युनिकरणका लागि सबै वडामा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । हिंसा पिडित महिलाहरुका लागी सेभ हाउस निर्माणको काम सञ्चालनमा रहेको छ । नगर स्तरिय बालवालिकाको भेलाद्धारा बाल सञ्जाल गठन गरी आपतकालिन बालकोष स्थापना गरीएको छ । अपांग तथा फरक क्षमता भएका नागरिकहरुलाई अभिमुखिकरण गरी परिचय पत्र वितरण कार्य सुचारु भएको छ । विपन्न तथा न्यून आयस्तर भएका महिलाहरुलाई सिलाई-कटाई तालिम दिईएको छ । महिला हिंसा लाई न्यूनिकरण गर्न महिला जनप्रतिनिधिहरु र नगरकार्यपालिकाका सदस्यहरुलाई नेतृत्व विकास र न्यायिक अधिकारका विषयमा तालिमहरु दिइएको छ । जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलनको कार्य भईरहेको छ । न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन र समाजमा रहेको दन्द्ध र हिंसालाई सामाजिक मेलमिलापका माध्यमद्धारा न्युनिकरण गर्न सबै वडाहरुमा ३ जनाका दरले मेलमिलापकर्ता तालिम सञ्चालन गरी सुचिकृत गर्ने कार्य अगाडी बढेको छ । गरीब विपन्न तथा दिर्घरोगीहरुलाई आर्थिक सहायता प्रदान गरीएको छ ।

**युवा तथा खेलकुद**

युवाहरुलाई दुर्व्यसनिबाट मुक्त पार्न दशैं तिहारको अवसर पारी अन्तरपालिका स्तरिय खुल्ला भलिबल प्रतियागिताको आयोजना गरियो । साथै अन्य पालिकाहरुमा भएको प्रयिोगितामा समेत सहभागी गराउने काम भएको छ । सबै खाले विचार बोकेका युवाहरुको भेला गराई समाज रुपान्तरणमा युवाहरुको भुमिका विषयक विचारगोष्ठी गरी नगरको सर्वाङ्गीण विकासका लागी सुझाव सल्लाह लिइएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम  अन्तर्गत बेरोजगार व्यक्तिहरुको लगत संकलन कार्य सम्पन्न भई सामुदायिक आयोजनाहरु मार्फत रोजगारी सिर्जनाका कार्यहरु अगाडि बढाईएको छ ।

**कृषि तथा पशुपालनतर्फ**

नगरपालिकाको ९ वटा स्थानलाई तरकारी पकेट क्षेत्रका रुपमा छनौट गरी कृषि पकेटक्षेत्रका रुपमा विकसित गर्नेगरी कार्यक्रम अगाडि बढाइएको छ । तरकारी खेतीलाई व्यवस्थित बनाउन माटो परिक्षण शिविरहरु सञ्चालन गरीएको छ । तरकारीलाई बजारीकरणका लागी तरकारी संकलन केन्द्रलाई अनुदान दिई संकलन केन्द्र स्थापना गरीएको छ । विभिन्न कृषक समूहहरु मार्फत मौसमी तथा बेमौसमी बालीको बिउविजन वितरण कार्य गरीएको छ । गैर-सरकारी संस्थाहरु सँग साझेदारी गरी नगरपालिकाको वडा नम्बर ५ आलीटोलमा हाईड्रोलिक पम्पका माध्यमबाट सिँचाई सुविधा सहज बनाइएको छ । विभिन्न वडाहरुमा सिँचाई कुलो र पोखरीहरुको निमार्णकार्य सम्पन्न भएको छ । अगुवा कृषकहरुलाई व्यवसायिक बनाउन तालिमका साथै प्लास्टिक टनेलहरु वितरण गरीएको छ । वडा नम्बर २ को ढिमढिमे टोलमा आधुनिक प्रणाली मार्फत व्यवासायिक तरकारी खेति गर्न कृषि पाठशाला सञ्चालन गरीयो । पशु किसानहरुलाई प्रोत्साहन गर्न खोर व्यवस्थापन र वडा नम्बर १ मा एउटा राँगो साथै ९ वटै वडामा उन्नतजातका बोयर बोकाहरु वितरण कार्यक्रम सम्पन्न गरियो । सबै वडामा पशु स्वास्थ शिविर सञ्चालन गरीएको छ । वडा नम्बर ४, ५, ८ र ९ मा गैर-सरकारी संस्था सँगको साझेदारीमा बाख्रा र उन्नत जातका बोका वितरण गरीएको छ ।

**संस्थागत विकास**

नगरपालिका कार्यालयलाई व्यवस्थित र संस्थागत कार्यप्रणालिलाई प्रभावकारी बनाउन स्मार्ट पालिका एप्लिकेशन प्रयोग गरी नगरपालिकाको पार्श्व चित्र निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । नगरपालिकाका योजनाहरु प्रभावकारी, व्यवस्थित बनाउन सेवा करारका माध्यमबाट प्राविधिक कर्मचारीहरु नियुक्ति गरी कार्य सम्पादनमा सुधार ल्याइएको छ । सबै वडाका कार्यालय सहायकहरुलाई कम्प्युटर तालिम दिई कर्मचारीको क्षमता अभिवृद्धी गरीएको छ । सबै वडामा ईन्टरनेट जडान कार्य भैराखेको छ । नगरपालिकाको काम कारवाहीलाई व्यवस्थितरुपमा सञ्चालन र नियमन गर्न हालसम्म २६ वटा कानुन र कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ र बाँकी कानुन एवं कार्यविधिहरु निर्माण गर्ने काममा नगरपालिका लागी परिरहेको जानकारी गराउँदछु । दैविक प्रकोप(चट्यांग)का कारण नगरपालिकाको वडा नम्बर ७ मा दुई जनाको दुःखद निधन भई धनजनको क्षति हुन गएको मृतकका आफन्तलाई उचित क्षतिपुर्ति र घाईतेहरुलाई उपचारको व्यवस्था गरीएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व. २०७७/७८ मा यस नगर क्षेत्रको विकासका लागि अवलम्वन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क) पूर्वाधार विकास**

☞ नगरपालिका स्तरमा सञ्चालनमा रहेका सबै लघु जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार एवम् स्तरोन्नति गरी नगरपालिकालाई अँध्यारोमुक्त बनाउन नियमित विद्युत प्रवाह गर्ने नीति लिइएको छ ।

☞ स्थानीय जलस्रोतको उच्चतम उपयोग गरी थप साना सिँचाइ आयोजनाहरु निर्माण गर्ने लक्ष्य लिइएको छ ।

- ☞ नगरको आधारभूत पूर्वाधारहरु अन्तर्गत नगर भवन, वडा कार्यालयका भवनहरु, स्वास्थ्य संस्था भवन, विद्यालय भवन, सडक, पुल, खानेपानी आयोजनाहरु निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।
- ☞ नगरका वडा कार्यालयसम्म पुग्ने मुख्य सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना सडक सञ्चालनमा ल्याईने छ ।
- ☞ नगर क्षेत्रभित्र निर्माण गरिने भवन तथा संरचनाहरुको नक्सा पास र भुकम्प प्रतिरोधी अनिवार्य गर्ने तथा सरकारी भवन निर्माण गर्दा बालमैत्री तथा फरक क्षमता भएका व्यक्ति मैत्री भवन निर्माण गर्ने तर्फ ध्यान पुऱ्याइने छ ।
- ☞ नयाँ भवन निर्माण, तला थप्ने जस्ता कार्यहरु गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्ने सोचको विकास गर्न आवश्यक पहल गरिने छ ।
- ☞ सडक निमार्ण कार्यमा नाली, पर्खाल जस्ता पूर्वाधारहरु सँगसँगै कार्यान्वय गरी बाह्रै महिना यातायात सेवा सञ्चालन हुन सक्ने साथै वातावरण मैत्री बनाईनेछ ।
- ☞ विकास निर्माणका कामहरु आर्थिक वर्षको अन्तिम महीना आउनु भन्दा अगाडि नै सम्पन्न गर्ने गरी कार्यसञ्चालन गरीनेछ । आर्थिक वर्षको अन्तिम महिनालाई अनुगमन र रकम भुक्तानीको महिनाको रुपमा कार्यान्वयन गरीनेछ ।

**ख) कृषि, पशुसेवा, वन, वातावरण तथा सहकारी**

- ☞ नगरको आर्थिक सवलिकरणका लागि कृषि, उद्योग तथा वाणिज्य, पर्यटन प्रवर्द्धन साथै सहकारी एवं वित्तिय क्षेत्रसँग समन्वय गरी कृषि, पशुपंक्षि पालन, मत्स्य, माहुरीपालन तथा आयआर्जन सम्बन्धि कार्य गर्ने नीति अवलम्बन गरिने छ ।
- ☞ व्यवसायिक तरकारी कृषकहरुलाई उचित बजारमूल्य र बजार व्यवस्थापन गर्न तरकारी संकलन केन्द्र स्थापना गरी सञ्चालन गर्न अनुदानको व्यवस्था गरिने छ ।
- ☞ बाँझो जमीनमा आम्दानीमुलक खेति गर्नेलाई प्रोत्साहित गरीने छ ।
- ☞ मूल्य श्रृङ्खलामा आधारीत कृषि प्रणाली अवलम्वन गरीने छ ।
- ☞ विषादीयुक्त कृषि उत्पादनलाई निरुत्साहित गर्दै जैविक-व्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिइने छ ।
- ☞ कृषिलाई व्यावसायिक रुपमा विकास गर्न न.पा.मा प्राप्त स्रोत साधनको अधिकतम परिचालनमा जोड दिई तरकारी खेतिलाई व्यवसायिक बनाउन एक-घर, एक-करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ☞ नगरको वातावरणीय सरसफाई, फोहोरमैला व्यवस्थापन, वृक्षारोपण एवं थप सार्वजनिक शौचालयहरु निर्माण आदिको उचित प्रबन्ध गर्नु पर्ने भएकोले नगरवासीहरुसँग सहकार्य गरी आवश्यक पूर्वाधारहरु बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउदै लगिनेछ ।
- ☞ नगरपालिकाभित्र स्थानीय कुखुराको फर्म स्थापना गर्ने कार्य सञ्चालन गरिने छ ।
- ☞ खरिजातको बाख्राको स्रोतकेन्द्र स्थापना गरिने छ । साथै वडा नं २, ६, ७, ८ र ९ को लेकक्षेत्रलाई बाख्रा पकेट क्षेत्र स्थापनाका रुपमा विकास गर्ने नीति लिईएको छ ।
- ☞ सामुदायिक दुग्ध डेरी व्यवस्थापनका लागि आवश्यक अनुदान व्यवस्था गरिने छ ।
- ☞ विपद न्यूनीकरणका लागि विपद व्यवस्थापन पूर्वतयारी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ☞ नगर क्षेत्रभित्रका ग्रामीण सडकका छेउछाउ र बाँझो जमिनमा वृक्षारोपण गरिने छ ।
- ☞ कृषकहरुलाई बिउविजन तथा कृषि सामग्रीहरुको लागी अनुदानको व्यवस्थापन गरिनेछ ।
- ☞ व्यवसायिक रुपमा कृषि खेती गरिरहेका युवाहरुलाई प्रोहत्सान गर्न बिशेष अनुदानको व्यवस्था गरिनेछ ।

☞ कृषकहरुले उत्पादन गरेका बालीनालीहरुको जोखिम कम गर्न कृषि विमा कार्यक्रम लागु गरिनेछ ।

☞ कुखुरापालन व्यवसायप्रतिको आकर्षणलाई अभिवृद्धी गर्न नगरक्षेत्र भित्र एउटा स्थानिय कुखुरा (साखिनी)को स्रोत संरक्षण तथा सम्वर्द्धनका लागी ह्याचरीको स्थापना गरिनेछ ।

☞ बैदेशीक रोजगारबाट फर्केका युवाहरुलाई व्यवसायिक बाख्रापालन, कुखुरापालन तथा भैंसीपालन कार्यक्रममा समावेश गराईनेछ ।

☞ नगर विकासका लागि तिनखम्बे अर्थनीति (सरकारी, सहकारी र निजी) अवलम्वन गरिनेछ । सहकारी तथा निजि क्षेत्रसँगको सहकार्यलाई मजबुत बनाईनेछ ।

☞ कृषिलाई आधुनिकीकरण र व्यवसायिक गर्न कृषि यान्त्रिकरणमा अनुदानको व्यवस्था गरिने छ ।

☞ आ.व. २०७७/७८ मा सशर्त अनुदानको भैंसी प्रवर्द्धन कार्यक्रमसँग लागत साझेदारी गरी नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउन कृषकहरुलाई प्रेरित गरिने छ ।

☞ बाख्राहरुको नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाख्राहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सुरुवात गरिने छ ।

☞ कृषकहरुको क्षमता अभिवृद्धी गर्न तालिम प्रदान गरिने छ ।

☞ कृषिसँग सम्बन्धित जैविक विविधता अनुसन्धान तथा विकास गरिने छ ।

☞ कृषिसम्बन्धि साना उद्योगहरुको स्थापना गरिने छ ।

☞ कृषि उत्पादन, मूल्य, ठाँउ शुद्धिकरण र वितरण संयन्त्रमा जोड दिईने छ ।

☞ कृषकहरुको उत्पादन बढाउन र माटोको उत्पादकत्व जोगाई राख्न चाहीने प्रमुख तत्व मल, बिउ, औजार, विषादी, भण्डारण र बजारीकरणमा विशेष जोड दिइने छ ।

☞ कृषिको उत्पादन तथा उत्पादकत्व बढाउन साना सिँचाई कार्यक्रम सञ्चालन गरिने छ ।

☞ कृषि पेशामा ५० प्रतिशत महिला सहभागिता बढाउने व्यवस्था गरिने छ ।

☞ कृषि पेशालाई मर्यादित बनाउन १८ देखि ५० बर्षका युवाहरुलाई कृषि पेशामा सँलग्न गरिने छ ।

☞ खाद्यपोषण सुधार गर्न एक-घर, एक-करेसाबारी अवधारणाको विकास गरिने छ ।

☞ स्वस्थ र गुणस्तरीय जीवनयापनलाई मध्यनजर गरी कृषकहरुलाई प्राङ्गारीक खेती प्रणालीमा प्रोत्साहन गरिने छ ।

☞ हामीसँग भएको अल्लो, टिमुर र भिमल प्रशोधनमा जोड दिईने छ । नगरपालिकाको १, २ र ३ लाई भिमल प्रशोधन केन्द्र, वडा नम्बर २ को किमाने, वडा नम्बर ६ को केतुकानालाई टिमुर प्रशोधन केन्द्रको रुपमा विकास गरिने छ । वडा नम्बर ७ को जोगिबर्साले, वडा नम्बर ८ को कोसेडी र वडा नम्बर ९ लाई अल्लो प्रशोधन पकेट क्षेत्रको रुपमा विकास गरीने छ ।

☞ भौगोलिक बनोट र हावापानीअनुसार फलफूल खेती, तरकारी खेती, मसलाबाली, खाद्यान्नबाली, नगदेबाली, मौरीपालन आदिका पकेटक्षेत्र निर्माण गरी खेती गरिने छ ।

☞ कृषिलाई आधुनिकीकरण र व्यावसायिकरण गर्न कृषि यान्त्रिकरणमा अनुदानको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिने छ ।

☞ कृषिक्षेत्रको प्रसार सेवा तल्लो तहसम्म पुऱ्याउन कृषि प्राविधिकहरुवाट सेवा सञ्चालन गरिने छ ।

☞ स्थानीय स्तरमा विभिन्न फलफूल बालीहरुको नर्सरी स्थापना गरिने छ ।

☞ पिछडिएको अती गरिब असक्तहरुको लागि विशेष कृषि कार्यक्रम गरिने छ ।

☞ उन्नत जातका बालीनालीहरुको बिउ उत्पादन गरी परनिर्भरता कम गरिने छ ।

☞ खाद्यान्न उत्पादन न्यून हुने तथा पोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै स्थानीय स्रोत, श्रमप्रविधिको प्रयोग गरि उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन, प्रवर्द्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपिन र पौष्टिक तत्वको उपयोग बढाउन विशेष चेतनामुलक कार्यक्रम गरिने छ ।

**ग) स्वास्थ्य तथा सामाजिक क्षेत्र विकास**

☞ बिश्वव्यापि महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमणबाट बच्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

☞ महिला, बालवालिका, दलित, अपाङ्ग, आदिवासी तथा जनजाती, एकल महिला, वृद्ध, एच.आई.भी. संक्रमित तथा पिडित, विपन्न तथा पिछडिएको समुदायका नागरिकहरुलाई सशक्तिकरण गर्दै विकासको मुलधारमा ल्याई आत्मनिर्भर गराउने र अनाथ व्यक्तिहरुलाई संरक्षण गर्ने नीति लिईने छ ।

☞ बहुक्षेत्रीय पोषण आयोजना कार्यक्रमलाई निरन्तरता दिई विभिन्न कार्यक्रममार्फत् पोषणमैत्री स्थानीय शासन अवलम्वन गर्ने कार्यलाई सबै वडामा निरन्तरता दिइने छ ।

☞ महिलासँग उपप्रमुख तथा बालबालिकासँग नगर प्रमुख कार्यक्रम सञ्चालन गरीने छ । महिलासँग उपप्रमुख कार्यक्रम अन्तर्गत सुनौला एक हजार दिनका आमा तथा बच्चाको पोषण सुधारका लागी उपप्रमुखको कोसेलि कार्यक्रम सञ्चालन गरीने छ । बालबालिकासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत विपन्न र अनाथ बालबालिकाहरुका लागी पालन-पोषण, शिक्षा-दिक्षा र  जिवीकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ ।

☞ विश्व खाद्य कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. ४ बाहेक सबै वडाहरुका प्राथमिक र आधारभूत विद्यालयहरुमा दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको र यो वर्ष विश्व खाद्य कार्यक्रमसँग साझेदारी गरी वडा नं. ४ मा समेत दिवा खाजा कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

☞ आदिवासी, जनजाती, दलित-समुदाय, पिछडावर्गको भाषा तथा संस्कृति संरक्षण तथा सम्बर्द्धन गर्ने निति अवलम्बन गरीने छ ।

☞ नगरभित्र सञ्चालनमा रहेका एउटै उदेश्यका एउटै सहकारी बनाउन उदेश्य मिल्ने सहकारी संस्थाहरु बिच एकिकरण गर्ने निति अवलम्बन गरीने छ ।

☞ आधारभूत शिक्षामा सबैको पहुँचका लागि विशेष जोड दिने नीति लिइने छ ।

☞ नगरपालिकाको शैक्षिकस्तर माथि उठाउन नगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरुको पूर्वाधार विकासमा जोड दिइनुका साथै शैक्षिक संस्थाहरुको सघन अनुगमन गरी अनुगमन पश्चात आवश्यकताका आधारमा कार्यविधि बनाई विद्यालय समायोजन गरी निजिस्रोतका शिक्षकहरुको समेत व्यवस्थापन गर्ने कार्य अगाडि बढाइने छ ।

☞ शिक्षकहरुको पेशागत क्षमता विकासका लागि विभिन्न तालिमहरुको आयोजना गरिने छ ।

☞ प्रत्येक माध्यामिक विद्यालयहरुमा कम्प्युटर शिक्षक अनिवार्य गरिने छ । कार्यविधि बनाई नगरभित्रको कुनै एक विद्यालयलाई आवश्यक रकम विनियोजन गरी नगर नमूना विद्यालय निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

☞ विद्यार्थी सुरक्षा वातावरणीय स्वच्छतालाई कायम गर्न आवश्यक प्रवन्ध गरिनेछ । छात्राहरुका लागी स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन गरिनेछ ।

☞ विद्यालय दिवा खाजा भण्डारण सुरक्षाका लागी सुरक्षित बाकस व्यवस्थापन गरिनेछ ।

☞ स्वास्थ्यमा सबैको पहुँचका लागि स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने सेवालाई सुदृढीकरण गरिनेछ । साथै नगरपालिकाको वडा नं. ३ मा यसै वर्षदेखि स्वास्थ्य सेवा प्रदान गरिने छ ।

☞ स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्रहरुको आवश्यक मर्मत सुधार गरिनेछ ।

☞ आयुर्वेद औषधालयहरुको प्रवर्द्धन गर्दै लगिनेछ ।

- ☞ लैङ्गिकता र जातिय विभेदमा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्ने नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गरीनेछ ।
- ☞ लैङ्गिक हिंसा, मानव बेचविखन, बालविवाह, बहुविवाह, बोक्सी, छाउपडीजस्ता सामाजिक कुप्रथाहरुलाई नियन्त्रण र निरुत्साहित गर्न सचेतनात्मक, प्रवर्द्धनात्मक र सहकार्यात्मक नीति गरी ३ प्रकारका नीति अवलम्बन गरी **'सामाजिक कुरीति विरुद्धको अभियान, २०७७'** सञ्चालन गरीनेछ ।
- ☞ नगर क्षेत्रको दिगो विकास गर्न सरकारी तथा गैर-सरकारी संघ-संस्था, विकास-साझेदार निकाय र निजी क्षेत्रसँग सहकार्य गरिने छ ।
- ☞ सबै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन तथा पोशाक भत्ताको व्यवस्था गरिने छ । साथै क्षमता अभिवृद्धीका लागि उनीहरुलाई तालिमको व्यवस्था मिलाइने छ ।
- ☞ लैंगिक हिंसा न्यूनीकरणका लागि स्वास्थ्यकर्मी समेतलाई तालिमको व्यवस्था गरिने छ ।
- ☞ नगरपालिकालाई स्थानीय बालमैत्री युक्त नगर बनाउन पहल गरिनेछ ।
- ☞ पालिकास्तरिय स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन, औजार, उपकरण र भौतिक पुवार्धारको विकास गरिनेछ ।
- ☞ जनतालाई गुणस्तरिय सेवा प्रदान गर्न सबै स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धी गर्न आवश्यक तालिम प्रदान गरिनेछ ।
- ☞ संक्रमण रोगबिरुद्धको सचेतिकरण र संवेदनशिलतालाई ध्यान दिएर रोकथाम र नियन्त्रणका प्रतिक्रियात्मक उपायहरु अवलम्बन गरिनेछन् ।
- ☞ एम्बुलेन्स सेवामा सबैको पहुँच पुऱ्याउन आवश्यक व्यवस्था गरिनेछ ।
- ☞ सुरक्षित प्रसुति सेवामा सबै आमाहरुको पहुँचलाई सुनिश्चित गरिनेछ । समयमै गर्भजाँच गरी गर्भ र गर्भवती आमाको स्वास्थ्यप्रति निश्चित हुन स्वास्थ्य संवेदनशिलताका सबै उपायहरु अवलम्वन गरिनेछ ।
- ☞ कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप जोखिम भत्ताको व्यवस्था गरिनेछ ।
- ☞ यस नगरपालिकामा रहेका सेवाग्राहीहरुलाई अत्यावश्यक औषधि खरिद गरि वितरण गरिने छ ।
- ☞ आयुर्वेदतकार्यालयमा रहेको स्टिमबाथको प्रयोग गरी वाथरोगको भरपर्दो उपचार गरिने छ ।
- ☞ पँचकर्म सञ्चालन गर्नको लागि १ जना अभियानकर्ता छनौट गरी सेवा सुचारु गरिने छ ।
- ☞ सुनौला १ हजार दिनका आमाहरुलाई दुग्धवर्द्धक औषधी वितरण गरिने छ ।
- ☞ निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- ☞ विद्यालय आयुर्वेद योगशिक्षा कार्यक्रम लागु गरिने छ ।
- ☞ राज्यको चौथो अंग मानिने पत्रकारीता क्षेत्रसंग सहकार्य र समन्वयलाई मजबुत बनाई नगरपालिकालाई सञ्चार तथा सुचनामैत्रि नगरपालिका बनाइने छ ।
- ☞ नगरपालिकाका विभिन्न ३ ठाँउमा हेलिप्याड बनाईने छ ।

**ङ) संगठन, प्रशासन र सूचना तथा सञ्चार प्रविधि**

- ☞ मानव संसाधन विकास तथा कर्मचारी व्यवस्थापनका लागि कर्मचारीको मनोवल उच्च राखी कार्य गर्ने वातावरण मिलाउन प्रभावकारी व्यवस्थापनको लागि आवश्यक नीति तथा संगठनको काम कारबाहीमा जवाफदेही र जिम्मेवार बनाउन कार्य सम्पादन मूल्यांकन तथा योगदानमा आधारित दण्ड र पुरस्कार प्रणालीको थालनी गरिने नीति लिईनेछ ।
- ☞ विकास प्रशासनमा सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता Tools को प्रयोग गरिनेछ ।

☞ विषयगत शाखाका कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक पहल गरिनेछ ।

☞ पारदर्शिता तथा शुसासनका लागी १० लाख भन्दा माथिका योजनाको सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई नेपाल पत्रकार महासंघ अछाम संग समन्वय गरेर गरीने छ । महासंघले तोकेको पत्रकारको रोहवरमा उक्त कार्य गरीने छ ।

☞ समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई समुदायमैत्रि बनाईने छ ।

☞ नगरपालिकाको संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनका लागि सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

☞ नगरपालिका कार्यालयमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(SuTRA), व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली(VERSP-MIS), शैक्षिक व्यवस्थापन प्रणाली(IEMIS), स्वास्थ्य व्यवस्थापन प्रणाली(HMIS) र रोजगार व्यवस्थापन प्रणालीजस्ता महत्वपूर्ण सफ्टवेयरहरु लागु भइसकेका र थप जिन्सी व्यवस्थापन प्रणाली, कृषि सूचना प्रणाली, गुनासो व्यवस्थापन प्रणाली, राजश्व, दर्ता-चलानी सम्बन्धित सफ्टवेयर प्रणालीहरु समेत आ.व. २०७७/७८ मै लागु गरी सबै काम कारवाहीलाई पूर्णरुपमा सूचना प्रविधि मैत्री(ICT Friendly) बनाईने छ ।

☞ सबै वडाक्षेत्रमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास, विस्तार र उच्चतम प्रयोग गरी मानव संसाधनको विकास गर्ने, रोजगारीका अवसरहरु सिर्जना गर्ने र सुशासन प्रवर्द्धन गर्ने कामको थालनी गरिनेछ ।

☞ सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहुँच र कयशक्ति योग्य(Affordable) बनाउन वेबसाइट, डिजिटल प्रोफाइल, विविध मोबाइल एप्सहरु र अन्य ICT Tool हरुको प्रयोग बढाइनेछ ।

☞ सूचना तथा सञ्चार प्रविधिमार्फत दिगो, फराकिलो र समावेशी आर्थिक सामाजिक विकास गरिनेछ ।

☞ नगर पार्श्वचित्र तर्जुमा गरिनेछ ।

☞ आधुनिक कम्प्युटर प्रविधिसँग जनप्रतिनिधि तथा सबै जनशक्ति साक्षर हुन अत्यावश्यक भईसकेको छ । अतः नगरपालिकाका सबै वडामा कम्प्युटर प्रविधि, ईमेल, ईन्टरनेट र साईबर सुरक्षासम्बन्धि विविध डिजिटल साक्षरता कार्यक्रमहरु सञ्चालन गरी जनप्रतिनिधि, सबै कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई आई.सी.टी. सम्बन्धि ज्ञान तथा सिप हस्तान्तरण गरिनेछ ।

☞ नगरपालिकका सबै वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट जडान गरी पञ्जिकरण सम्बन्धी सबै कामहरु सम्बन्धित वडा कार्यालयबाटै र स्वास्थ्यसम्बन्धी सबै कामहरु सम्बन्धित वडा स्वास्थ्य चौकीबाटै सम्पन्न गर्ने नीति लिइनेछ ।

☞ नगरका मुख्य व्यापारिक तथा सार्वजनिक क्षेत्र, वडा कार्यालय, माध्यामिक विद्यालय र स्वास्थ्य चौकीमा सी.सी.टि.भी.क्यामरा जडान गरिनेछ ।

**च) राजश्व सुदृढीकरण**

☞ स्थानीय स्रोतमा आधारित आय नै नगरको आम्दानीको मुख्य स्रोत भएकोले आन्तरिक स्रोतको परिचालन गरी आयस्रोत अभिवृद्धि गर्नुपर्ने देखिन्छ । त्यसैले, गतवर्षका आम्दानीका शीर्षकहरुको दरमा केही अभिवृद्धि गरिएको छ भने केही राजश्व संकलनका थप शीर्षकहरुको पहिचान गरी प्रक्षेपण गरिएको छ ।

☞ करको दर, दायरा र स्थानीय तहको करका क्षेत्रहरुको पहिचान गरी राजश्व असुली गर्न विज्ञ र सरोकारवालासँग वृहत छलफल गरी कर असुली प्रक्रियालाई व्यवस्थित गरिने छ ।

छ) **यूवा, खेलकूद, संस्कृति र पर्यटन**

- ☞ पर्यटन विकासका लागि नगर क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पूरातात्विक सम्पदाहरुको खोज अध्ययन, विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलम्वन गरिनेछ ।
- ☞ खेलकुद विकासका लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा खेलकुद सामग्री वितरण र खेलमैदानको उचित प्रबन्ध गरिने छ ।
- ☞ यस क्षेत्रको प्रचलनमा रहेका परम्परागत चाडपर्व, कला संस्कृतिको विकास, संरक्षण र सम्वर्द्धन गर्दै आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- ☞ युवाहरुलाई सधैं सक्रिय र उर्जाशील राखी कुलत, दुर्व्यसन र सामाजिक कुरिती विरोधी अभियानमा परिचालन गरिनेछ ।
- ☞ युवाहरुलाई कला संस्कृतिको जगेर्ना तथा साहित्य रचनामा आकर्षित गर्न विशेष कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ ।
- ☞ उदयराम जैसी छात्रवृती कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ☞ मेयर कप खुल्ला भलिबल प्रतियोगीता कार्यक्रमलाई यस वर्षपनि निरन्तरता दिईनेछ ।
- ☞ बेरोजगार व्यक्ति तथा रोजगारदाताको स्पष्ट विवरण खुल्ने गरी रोजगार व्यवस्थापन सूचना प्रणाली थप सुदृढ बनाइनेछ ।
- ☞ बेरोजगार व्यक्तिको प्राथमिकीकरण गरी न्यूनतम १०० दिन रोजगारी साथै ५० दिन सीपमूलक तालिम प्रदान गरी बेरोजगारी घटाउँदै लगिनेछ ।
- ☞ वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई लक्षित गरी उद्यमशीलता विकास गराउन बिउ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- ☞ आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।
- ☞ आवश्यकताका आधारमा नगरभित्र भलिवल प्रशिक्षण केन्द्र निर्माण गरीनेछन ।
- ☞ खेलकुदको विकासका लागी नगरपालिकामा खेलकुद प्रशिक्षकको व्यवस्था गरीने छ ।
- ☞ युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- ☞ रोजगार सूचना तथा परामर्श केन्द्रको रुपमा रोजगार सेवा केन्द्रलाई विकसित गरिनेछ ।
- ☞ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई शसक्त रुपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछ ।
- ☞ साहित्य, संगित, गायन, सिर्जना तथा बौद्धिक प्रतिभाहरुलाई प्रोत्साहित गरीने छ ।

ज) **उद्योग तथा रोजगारी**

- ☞ रोजगार सेवा केन्द्रमार्फत रोजगारी प्रबर्द्धन, स्वरोजगारी सिर्जना तथा रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिने छ ।
- ☞ विकासका आयोजना निर्माणमा डोजर प्रयोग गर्ने कार्यलाई कम गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागिता गराई रोजगारी प्रवर्द्धनमा जोड दिइने छ ।
- ☞ उद्योगधन्दा र व्यवसायको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सहज हुने भएकाले उद्योगधन्दा र घरेलु उद्योग व्यवसाय सञ्चालन गर्ने उद्यमीलाई प्रोत्साहन गर्दै लगिनेछ ।

☞ बेरोजगार महिलाहरु र युवाहरुलाई व्यावसायिकतातर्फ उन्मुख गराउन प्रत्येक वडाबाट न्यूनतम ५० जनाका दरले  सीपमूलक तथा आयमूलक तालिमहरु प्रदान गरी आय आर्जनमा वृद्धी गर्दै अत्मनिर्भर बनाउँदै लगिनेछ ।

**झ) संस्थागत विकास**

☞ स्थानीय तहको लागि संविधानले व्यवस्था गरेका अधिकारका सूची अन्तर्गत रही आवश्यक कानून बनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

☞ योजना छनौट गर्दा टोल स्तरबाटै सहभागितामूलक पद्धतिद्वारा सबैलाई सरिक गराई टोल स्तर बाट आएका योजना सम्बन्धित वडा र विषयगत क्षेत्रहरुबाट सिफारिस भई आएका योजनाहरुलाई प्राथमिकीकरण गरी योजना छनौट गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

☞ योजना कार्यान्वयन गर्दा बढी भन्दा बढी योजनाहरु उपभोक्ता समितिहरुद्धारा नै कार्यान्वयन एवं सञ्चालन गर्ने नीति लिईएको छ ।

☞ नगरको आर्थिक, सामाजिक विकास र समृद्धिको लागि नगरस्तरिय राजनीतिक दल, करदाता, समाजसेवी, बुद्धिजिवि, नागरिक समाज लगायत सम्पूर्ण नगरवासीको सल्लाह र सुझाव लिइने नीतिलाई निरन्तरता दिइने छ ।

☞ सेवाग्राहीका गुनासा तथा उजुरीलाई पहिलो प्राथमिकतामा राखी सम्बोधन गरिनेछ ।

☞ वडा कार्यालयहरुलाई सेवा प्रवाह केन्द्रको रुपमा विकसित गरिनेछ ।

☞ नगरको गुरुयोजना, रणनीतिक योजना निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

**ञ) बन, खानी, पर्यावरण र विपद न्यूनिकरण**

☞ सामुदायिक, कबुलियति र निजि बनको विस्तार तथा विकासका लागी लक्षित कार्यक्रम सञ्चालन गरीने छ ।

☞ वडा नम्बर ८ मा रहेको काईनाइट खानी, वडा नम्बर ९ मा रहेको स्लेट खानीको उत्खनन् हुन नदिन नियन्त्रण तथा रोकथामको उपाय अवलम्वन गरीने छ ।

☞ बाढी, पहिरो, भु-क्षय, आगलागी आदि प्रकोपबाट बच्न जोखिम स्थानहरुको पहिचान गरी वृक्षारोपण, तटबन्धन आदि कार्य गरीने छ ।

☞ नगरपालिकाको पुल्लेतोला लगायतका क्षेत्रमा चट्याङको बढी जोखिम रहेकाले यस प्रकोपको समस्यालाई समाधान गर्नको लागी विज्ञसहितको टोलि बोलाई अनुसन्धान गरीने छ ।

**सभाध्यक्ष महोदय,**

उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, सशर्त अनुदानको प्राप्त सिलिङ तथा नगरको आन्तरिक स्रोतको निम्नअनुसार आयव्यय अनुमान प्रस्ताव गरेको छु ।

| क्र.सं | विवरण | रकम रु. |
|---|---|---|
| १. | आन्तरिक आय | ४८,८५,०००/- |
| २. | राजश्व बाँडफाँड (संघीय सरकार) | ८,६५,७८,९४०/- |
| ३. | राजश्व बाँडफाँड (प्रदेश सरकार) | १४,१८,०००/- |
| ४. | बित्तीय समानीकरण अनुदान (संघीय सरकार) | ९,६९,००,०००/- |
| ५. | बित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ७०,९६,०००/- |
| ६. | सशर्त अनुदान (संघीय सरकार) | २३,०१,००,०००/- |
| ७. | गत वर्षको नगद मौज्दात | २,००,००,०००/- |
| ८. | समपूरक अनुदान (प्रदेश सरकार) | ७७,७३,०००/- |
| ९. | विशेष अनुदान (प्रदेश सरकार) | ६८,००,०००/- |
| १०. | विशेष अनुदान (संघीय सरकार) | ५०,००,०००/- |
| | **जम्मा** | ४६,६५,५०,९४०/- |

अन्त्यमा यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०७७/७८ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै नगरवासी बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा राख्दै सभाध्यक्षज्यूको अनुमतीले आ.व. २०७७/७८ को यो नीति तथा कार्यक्रम स्वीकृतिका लागि यस सम्मानीत नगरसभामा पेश गर्दछु ।

धन्यवाद ।